
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ३० गते बिहीबार ❑ 13 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## फेवा नव वर्ष महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

पोखराको लेकसाइडमा १८ औं फेवा नब वर्ष महोत्सव बुधबारबाट सुरु भएको छ। होटल संघ पोखरा नेपालले आयोजना गरेको तीन दिने महोत्सवले पर्यटन, संस्कृति र खानालाई मुख्य जोड दिएको छ।

विविध खानाका परिकार र सांस्कृतिक प्रस्तुती तथा पंचे बाजा, नाचगान, भजनचुड्का र गीतसंगीतका कार्यक्रम महोत्सवमा हुने छन्।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महोत्सवको उद्घाटन गरेका थिए। महोत्सव स्थानीय खहरेदेखि फिस्टेल गेटसम्म सडकमा नै आयोजना भइरहेको छ। महोत्सवका अवसरमा होटलको प्रकाशित दररेटमा २० प्रतिशत छुट प्रदान गरिएको आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए। कोभिड १९ लगायत विभिन्न कारणले व्यवसायी पलायन हुँदा र हजारौंको रोजगारी गुम्दा नकारात्मक रुपमा प्रभावित पर्यटन व्यवसायलाई पुनरुत्थान गर्ने उद्धेश्य महोत्सवले बोकेको उनले सुनाए। महोत्सवमा सहभागी विभिन्न झाँकी र आमा समूहलाई सो अवसरमा उनले धन्यवाद प्रकट गरे। होटल संघ नेपालका प्रथम उपाध्यक्ष विनायक




शाहले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशसम्म उडानका लागि सरकार र निजी क्षेत्र सबै मिलेर पहल अगाडि बढाउनुपर्ने भनाई राखे। कोरोना पछि देश अब कसरी अगाडि बढ्ने भन्ने विषयमा सरकारले मार्गदर्शन प्रदान गर्नुपर्ने उनले बताए। अवको राष्ट्रिय कार्यनीति के हो भन्ने विषयमा स्पष्टता हुनुपर्ने भनाई उनको थियो। सो अवसरमा होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले कुटनीतिक प्रयास गरेर भए पनि पोखराको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान यथाशीघ्र संचालन गरिनुपर्ने माग राखे। यहींबाट विदेश उड्ने पोखरेलीको सपना अझै पनि पूरा नहुनु दुर्भाग्य भएको भन्दै उनले हतारमा पो विमानस्थल उद्घाटन गरियो कि भनी प्रश्न राखे।

कार्यक्रममा प्रमुख अतिथिको भनाई राख्दै महानगर प्रमुख आचार्यले पोखरालाई पर्यटकीय शहर घोषणा गर्ने प्रस्तावको फाइल मुख्य सचिवको टेबलमा पुगेर रोकिएको बताउँदै संघीय सरकारले घोषणा नगरे प्रदेश सरकार र महानगर मिलेर त्यस्तो घोषणा गरिने बताए। यो घोषणसँगै रत्न मन्दिर र हिमागृह पनि सर्वसाधरणका लागि खोल्ने विषय जोडिएको उनले सुनाए। पोखराको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान संचालन गर्ने विषयमा सरकारसँग गंभीर रुपमा कुरा राखिएको बताउँदै उनले नेपाल नागरिक उड्डयन प्राधिकरण पनि यस विषयमा गंभीर बन्नुपर्ने भनाई राखे। नक्सा पास नभएका पोखराका घरले कि सोही अनुसार अतिरिक्त कर तिर्नुपर्ने र नत्र ती भत्काइने चेतावनी पनि उनले सो अवसरमा दिए। पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराको नयाँ विमानस्थलबाट छिटोभन्दा छिटो अन्तर्राष्ट्रिय उडान संचालन गर्न प्रधानमन्त्रीलाई नै भेटेर कुरा राखिएको स्मरण गराए। पृथ्वीराजमार्गको स्तरोन्नती कार्यलाई शीघ्र रुपमा अगाडि बढाउने विषयमा पनि छलफल भएको जानकारी उनले दिए। बैंकको चर्को ब्याजले व्यवसायीलाई परेको समस्या समाधान गर्ने विषयमा पनि प्रधानमन्त्रीसँग कुरा राखिएको उनले बताए।

सो अवसरमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाही, आयोजक संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठ र क्षत्री महिला समूहकी अध्यक्ष रमा लामिछानेले पनि भनाई राखेका थिए। तालवाराही आरती सेवा समितिको तर्फबाट कार्यक्रममा आरती प्रदर्शन गरिएको थियो। गायक जीवन दाहालले पनि सो अवसरमा आफ्नो गीत सुनाएका थिए। कार्यक्रमको संचालन संघका महासचिव एवं प्रचार संयोजक राजेन्द्र ढकालले गरेका थिए। महोत्सवको मुख्य प्रायोजक बाह्रसिंगे वियर रहेको छ भने अन्नपूर्ण केवलकार सहप्रायोजक रहेको छ। पोखरा महानगरपालिकाले सघाएको महोत्सवलाई नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको हो।

## गण्डकी प्रदेश सरकारको नेतृत्व आलोपालो हुनसक्छ : नेता पाण्डे

**पोखरापत्र संवाददाता**
गोरखा, २९ चैत

नेपाली कांग्रेस गण्डकी प्रदेशसभाका संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारको नेतृत्व आलोपालो हुनसक्ने बताउनुभएको छ।

नेपाली कांग्रेस गोरखाले बुधबार बिहान यहाँ आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै नेता पाण्डेले अन्य प्रदेशमा जस्तै गण्डकी प्रदेशमा पनि कांग्रेस र माओवादी केन्द्रले आलोपालो सरकारको नेतृत्व गर्न सक्ने बताउनुभयो।

"अहिले प्रदेश सरकारको नेतृत्व आलोपालो भन्ने कुरा आएको छ", नेता पाण्डेले भन्नुभयो, "गण्डकी प्रदेशमा मात्र होइन सातवटै प्रदेशमा आलोपालो सरकारको नेतृत्व हुनसक्छ।" नेपाली कांग्रेसका तर्फबाट मुख्यमन्त्रीका दाबेदारसमेत रहनुभएका नेता पाण्डेले प्रदेशको निर्वाचनको चुनाव लड्ने क्रममा नै आफूले मुख्यमन्त्रीका लागि गृहकार्य गरेको बताउनुभयो। "प्रदेश सरकारको नेतृत्वको सन्र्दभमा सबै कुराको टुङ्गो प्रदेशमा पनि लाग्दैन", उहाँले भन्नुभयो, "यी विषय शीर्ष नेताका बीचमा छलफल भएर केन्द्रीय तहमै टुङ्गो लाग्ने कुरा पनि हुन्।"

नेकपा (एमाले)को नेतृत्वमा रहेको गण्डकी प्रदेश सरकारलाई नेकपा (माओवादी केन्द्र)ले दिएको समर्थन फिर्ता लिएपछि प्रदेश सरकार अल्पमतमा रहेकाले मुख्यमन्त्री खगराज अधिकारी सरकार बसिरहनु उचित नहुने उहाँको भनाइ छ।

"हामीले सरकार अल्पमतमा परिसक्यो, अल्पमतको सरकारमा बसिरहनु स्वाभिमान देखिँदैन भन्दा पनि उहाँ सरकारमा बसिरहनुभएको छ", नेता पाण्डेले भन्नुभयो, "अब बहुमत पाउने सम्भावना नभएकाले उचित निकास लागि दिनका लागि पनि सुझाव दिइसकेका छौं।"

## एसइई सम्पन्न

**रासस**
काठमाडौं, २९ चैत

यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) बुधबारबाट सम्पन्न भएको छ।

यहीं चैत १७ गतेदेखि देशभर एकैसाथ सुरु भएको परीक्षा छिटफुट घट्नाबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले जानकारी दिनुभयो। देशका ७७ जिल्लाका दुई हजार ३६ परीक्षा केन्द्रसहित जापानमा एक गरी दुई हजार ३७ परीक्षा केन्द्रबाट एकैसाथ परीक्षा सम्पन्न भएको उहाँले बताउनुभयो। "छिटफुट घट्नाबाहेक सबै परीक्षा केन्द्रमा शान्तिपूर्ण रूपमा परीक्षा सम्पन्न भएको छ। घटना भएका केन्द्रका केहीलाई कानुनी दायरमा ल्याएका छौं", श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार यसवर्ष परीक्षामा चार लाख ८४ हजार दुई सय २७ परीक्षार्थी सहभागी थिए।

यसवर्षको एसइई परीक्षामा सहभागी हुनका लागि विसं २०७८ मा कक्षा ९ मा रजिस्ट्रेशन भर्ने पाँच लाख १६ हजार पाँच सय ९१ विद्यार्थीमध्ये कक्षा १० मा आउँदा ३२ हजार तीन सय ६४ विद्यार्थी घटेर चार लाख ८४ हजार दुई सय २७ पुगेका थिए। नेपालबाट रोजगारीकका लागि जापान पुगेका अभिभावकका १४ जना छोराछोरीले पनि यसवर्ष जापानबाटै परीक्षा दिएका छन्। जापान सरकारको अनुमतिमा नेपाली पाठ्यक्रममा पढाइ हुने टोकियोको एक शैक्षिक संस्थाबाट उनीहरूले परीक्षामा सहभागी भएका परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो। परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशबाट एक लाख ६ हजार नौ सय ५९ विद्यार्थी र सबैभन्दा कम कर्णली प्रदेशबाट ४१ हजार तीन सय २९ परीक्षार्थी सहभागी भएका थिए।

प्राविधिक धारतर्फ करिब १५ हजार, संस्कृतमा पढाइ हुने ६५ विद्यालयका दुई हजार नौ सय ८२ जना र ५० जना दृष्टिविहीन परीक्षार्थी परीक्षामा सहभागी भएका थिए।

कार्यालयले एसइई परीक्षाको नतिजा असार तेस्रो साता सार्वजनिक गर्ने योजना गरिएको छ। "कुनै समस्या नआए असार तेस्रो सातासम्म नतिजा सार्वजनिक गर्ने गरी योजना बनाएका छौं", परीक्षा नियन्त्रक श्रेष्ठले भन्नुभयो।

## पोखराका चार पत्रकार पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

नेपाल पत्रकार महासङ्घ कास्की शाखाले चार पत्रकारलाई पुरस्कृत गरेको छ। महासङ्घको ६८औं स्थापना दिवसका अवसर आज पत्रकार नवीन सिग्देल, भुपाल गुरुङ, गौरव त्रिपाठी र दुर्गा रानामगरलाई पुरस्कृत गरिएको हो। यस्तै महासङ्घले लक्ष्मी हाउसलाई संस्थागत सम्मान पनि गरेको छ।

पोखरा पत्रकारिता सम्मान २०७७ पत्रकार नवीन सिग्देललाई अर्पण गरिएका सचिव माधव बरालले जानकारी दिनुभयो। सोही विधाको संस्थागत सम्मान विसं २०७८ लक्ष्मी हाउसलाई दिइएको छ। सो सम्मानको राशि रु ३५ हजार र सम्मान पत्र रहेको छ। टङ्कादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार पत्रकार भुपाल गुरुङलाई अर्पण गरिएको



छ। यो पुरस्कारको राशी रु २० हजार एक सय ११ र सम्मानपत्र रहेको छ। पत्रकार गौरव त्रिपाठी र दुर्गा रानामगरलाई जगन्नाथ सिग्देल युवा प्रोत्साहन पुरस्कार प्रदान गरिएको छ। यो पुरस्कारको राशि रु ११ हजार एक सय ११ र सम्मानपत्र छ। पोखरामा आयोजित समारोहमा गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले चारै पत्रकारलाई पुरस्कार र सम्मान प्रदान गर्नुभयो।

प्रदेश प्रमुख गुरुङले स्वतन्त्र पत्रकारिता नहुने ठाउँमा निरंकुशता मौलाउने बताउनुभयो। राज्य विरोधी काम हुँदा होसियारी गर्ने काम पत्रकारिताको धर्म भएको उहाँको भनाइ थियो। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई सही दिशामा लग्ने काम पनि पत्रकारले गर्नुपर्ने उहाँले बताउनुभयो। पत्रकारको काम तीललाई पहाड र पहाडलाई तिल बनाउने नभएको बताउँदै पत्रकारिताभित्रको विकृतिलाई हटाउनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा प्रेस स्वतन्त्रता सेनानी बद्रीविनोद प्रतीक, महासङ्घका केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनी, सल्लाहकार दीपेन्द्र श्रेष्ठ, पत्रकार शोभाकान्त सिग्देलले सम्मानित पत्रकारको चिनारी गराउँदै पुरस्कारको महत्वमाथि प्रकाश पार्नुभएको थियो। सम्मानित पत्रकार सिग्देल, गुरुङ, त्रिपाठी र रानाले पुरस्कारले आफूलाई थप जिम्मेवारी र ऊर्जा थपेको बताउनुभयो।

## रास्वपाबाट श्रेष्ठ निष्कासित, कंशाकारलाई सांसदमा निर्वाचित गर्ने निर्णय

**रासस**
काठमाडौं, २९ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विन्दवासिनी कंशाकारलाई समानुपातिक सांसद पदमा निर्वाचित गर्ने निर्णय गरेको छ।

केन्द्रीय समितिको बैठकले बुधबार समानुपातिक सांसद डाकाकुमार श्रेष्ठलाई पार्टी र सांसद पदबाट निष्कासित गरी कंशाकारलाई समानुपातिक सांसदमा निर्वाचित गर्ने निर्णय गरेको हो।

घुस मागेर पार्टीको बदनाम गरेको र भ्रष्टाचारलाई बढावा दिन खोजेको देखिएकाले श्रेष्ठलाई सांसद र पार्टीको साधारण सदस्यबाटै हटाएर उहाँको सदस्यता खारेज गर्ने निर्णय गरेको सभापति रवि लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार श्रेष्ठको सांसद पद खारेजीका लागि संसद् सचिवालयलाई जानकारी गराउने र रिक्त रहेको पदमा विन्दवासिनी कंशाकारलाई निर्वाचित गर्न निर्वाचन आयोगमा निवेदन दिने पनि पार्टीले निर्णय गरेको छ। निर्वाचन आयोगमा बुझाएको समानुपातिकतर्फको बन्द सूचीमा रोल क्रमअनुसार विन्दवासिनी कंशाकार अघि रहेकाले उहाँलाई निर्वाचित भएको घोषणा गरिदिन पार्टीले आयोगलाई निवेदन दिने निर्णय गरेको बताइएको छ।




# आलु महोत्सवमा दर्शक सहभागिता बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

हेमजामा जारी ११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव मध्येतिर आइरहदाँ दर्शक सहभागिता हवात्तै बढेको छ।



महोत्सवमा आलु किन्नेको भिड देखिन्छ भने अवलोकनका लागि समेत कास्कीका विभिन्न स्थान लगायत छिमेकी जिल्लाबाट समेत मानिसहरु आउने क्रम बढ्दो छ । बुधवार मात्रै करिव पाँच हजार दर्शकले महोत्सव अवलोकन गरेको मूल आयोजक समितिका अध्यक्ष सुविन श्रेष्ठले जानकारी दिनुभयो । उहाँले हालसम्म १५ हजार बढी दर्शक महोत्सवमा सहभागि भएको पनि बताउनुभयो । विशेष गरी कृषि उत्सवका रुपमा महोत्सव मनाइएकाले गाउँठाउँका स्थानीयले समेत महोत्सवलाई चासोका साथ अवलोकन गरेको हुनसक्ने आयोजकको ठहर छ । त्यसमाथि लामो समयपछि हेमजामा मेला महोत्सव भएकाले हेमजावासीको सहभागिता समेत उत्साहजनक रुपमा पाइएको छ।

महोत्वसमा बुधवार मात्रै कुल २ सय ९२ जना ग्राहकले १० टन भन्दा बढी आलु खरिद गरि लगेको कृषक परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सीनाले जानकारी दिनुभयो। हावापानीका कारण अन्य स्थानको भन्दा हेमजाको आलु स्वादिष्ट रहेको, विषादीको कम प्रयोग हुने भएको तथा छिटो छरितो पाक्ने हुनाले त्यहाँ उत्पादित आलु ग्राहकको रोजाईमा पर्ने गरेको तिमिल्सीनाले दावी गर्नुभयो। महोत्सव अर्न्तगत बुधवार कलाकारहरु छत्र शाही, काजल जोशी, प्रेमराज अधिकारी, निशा सुनार, परशुराम अधिकारी, बुद्धदेवी कुँवर, कमला गैह्रे, रक एन रक तथा गगन गुरुङका प्रस्तुतिहरु रहे भने बिहीवार राजन कार्की, सरस्वती लामिछाने, ज्योति लोहोनी, विनोद रामदाम, लाहुरे, काल रात्री तथा रक्षा व्याण्डका प्रस्तुतिहरु रहने जनाइएको छ ।त्यस्तै रत्यौली गीत प्रतियोगिता पनि जारी छ। जसको अन्तिम नतिजा बैशाख २ गते मात्रै घोषणा गरिने छ । 'सुन्दर ठाउँ हेमजा जाऔँ, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नाराका साथ विष्णुपादुका क्लवको आयोजनामा महोत्सव गरिएको हो । महोत्सव अर्न्तगत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम रहेका छन् । महोत्सव आउँदो बैशाख ३ गतेसम्म चल्नेछ।

# महिमा मैत्री आमा समुहको तेस्रो अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत



पोखरा महानगरपालिका वडा नं. १ भिमबजार क टोलमा अवस्थित महिमा मैत्री आमा समुहको सातौं साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ।

समुहको अध्यक्ष शारदा के.सी.को अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथी पोखरा उपमहानगरपालिका वडा नं. १ का अध्यक्ष सहारा प्रधानले समुहको कार्य प्रगति प्रति सन्तुष्ट रहेको बिचार व्यक्त गर्दै समाजको सामाजिक विकृति र विकासका लागि अगाडी बढ्न स्थानिय सरकारबाट सहयोग रहने बताए । संस्थाको सचिव बिजया अधिकारी मानन्धरले प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष सरिता बराल पौडेलले आर्थिक प्रतिवेदन पेश गरेका थिए। कार्यक्रममा जेष्ठ नागरिक, संस्थाका सल्लाहकारहरु तथा शैक्षिक प्रगति हासिल गरेका बालबालिकाहरुलाई सम्मान गरी मायाको चिनो प्रदान गरिएको थियो । संमुहको सहसचिव चन्द्रा श्रेष्ठले सञ्चालन गरेको उक्त कार्यक्रममा कन्या क्याम्पस पोखराका क्याम्पस प्रमुख तथा सल्लाहकार सुरेस कुमार मानन्धर, बरिष्ठ अधिवक्ता बिरेन्द्र के.सी., भिमबजार क टोल विकास संस्थाका कार्यवाहक अध्यक्ष जगत बहादुर श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए। उक्त अधिवेशनमा निर्वाचन संयोजक कृष्ण प्रसाद पौडेलको सहजिकरणमा सर्बसम्मत सरिता बराल पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । सहअध्यक्ष चन्द्रा श्रेष्ठ, उपाध्यक्ष बिजया अधिकारी मानन्धर, सचिव दुर्गा बाँस्तोला, कोषाध्यक्ष रोशनी शर्मा आचार्य (रुषा) सहसचिव कल्पना खड्का कार्की तथा सह कोषाध्यक्ष पबित्रा देवी बाँस्तोला रहेको उक्त समितिमा सदस्यहरुमा जमुना श्रेष्ठ, अनिता गुरुङ्ग, सरस्वती अधिकारी, मीना अधिकारी, अम्बिका पौडेल, सीता सुवेदी अधिकारी, खेमा गुरुङ्ग र शर्मिला गौतम बाँस्तोला रहेको छ।

# 'लैङ्गिक हिंसालाई समाजिक अपराध मानिन्छ'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ चैत



लैङ्गक हिंसालाई समाजिक अपराध मानिने एक कार्यक्रममा बक्ताहरुले बताएका छन् । संविधानले समेत बर्जित गरेको यस्ता प्रकारका अपराध अझै पनि समाजमा बेला–बेलामा हुने गरेको तथ्याङ्कले देखाउने गरेकोले यस्ता क्रियाकलाप सामाजिक अपराध मानिने बक्ताहरुले बताएका हुन् ।

नयाँ गोरेटो संस्थाले आयोजना गरेको लैङ्गिक हिंसा बिरुद्धको सचेतना तालिममा बोल्ने बक्ताहरुले यस्ता घट्नाले समाजलाई नै अझै अन्धकारमय बनाएको बक्ताहरुको भनाई थियो। प्रजातन्त्रदेखीलोकतान्त्रिकगणतन्त्र सम्म मुलुकले फड्को मार्दापनि समाजिक अपराधका घट्ना न्युनिकरण हुन नसक्नु सचेतनाको अभाव अझै कायम रहेको बक्ताहरुको भनाई छ ।

समाजमा अझै पनि लैङ्गिक हिंसाका घट्नाले प्रशय पाईरहेको गल्याङ नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए । लैङ्गिक हिंसालाई सामाजिक अपराध मानिएको छ उनले भने,'लैङ्गक हिंसा बिरुद्ध गाउँटोल, बस्तीमा पुगेर सचेतना फैलाउन आवश्यक देखिएको छ ।' लैङ्गिक हिंसा सहन नहुने भन्दै नगर प्रमुख भट्टराईले त्यसका विरुद्व सबैले ससक्त आवाज उठाउनु पर्नेमा जोड दिएका छन् । हामीले आफ्नो घर गाउँ समुदायमा हुने लैङ्गिक हिंसाका विरुद्व एक भएर समस्याको समाधानमा लाग्नु हामी सचेत नागरिकको कर्तव्य रहेको उनले बताए । गल्याङ नगरलाई कसरी हिंसा रहित नगरपालिका निर्माण गर्न सकिन्छ भन्ने पक्षमा हामी छौं उनले भने,'सामाजिक न्यायको पक्षमा नगरपालिकाले सबैसगँ हातेमालो गर्छ ।' समाजमा हुने यस्ता क्रियाकलाप समुदायस्तरबाट समाधान भयो भने लैङ्गिक हिंसाको न्युनिकरण हुनेछ उनले भने । घट्ना समान्य रहेपनि यसले बिराल रुप लिन सक्ने भन्दै सरोकारवालाहरुले ग्रामिण क्षेत्रबाटै सचेतना अभियान शुरु गर्नुपर्ने औल्याएका छन्। जिल्ला न्यायधिस रोमकान्त ज्ञावालीले जातियभेदभाव, छुवाछुत्, बोक्सीको आरोप लागेका मुद्धाहरु अझै अदालतमा आइरहेको बताए । समुदायमै मिलाउनु पर्ने घट्ना अदालतमा आईपग्न थालेका छन् उनले भने,'न्याय निरुपणमा पिडित र पिडकले यस्ता सामान्य बिषयमा झमेला व्यहोर्नुपरेको छ।' हिंसाकै कारण हुने सामान्य झगडालाई अदालतमा पुग्ने बातावरण भन्दा पनि मेलमिलापको माध्यमबाट मिलाउनुपर्छ उनले भने।

गल्याङ नगरपालिकाका उपप्रमुख हेमा न्यौपाने र गल्याङ बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष लक्ष्मण प्रसाद भट्टराईले समाजमा अझै हिंसाबोध हुने खालका घट्ना घट्नु दुखदायी भएको बताएका थिए । यसको न्युनिकरणका लागि स्थानीय सरकारले छुट्टै कार्ययोजना बनाएर अगाडी बढ्नुपर्ने उनीहरुको सुझाव छ।

तालिममा घरेलु हिंसा, जातिय भेदभाव तथा छुवाछुत, बोक्सीको आरोप, मानब बेचविखन तथा ओसारपसार, कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार, विद्युतीय कारोबार, मुलुकी अपराध संहिता, अपराध पीडित संरक्षण ऐन, बालवालिका सम्बन्धी लगायतका विषयमा तालिम विद्यार्थीहरुलाई प्रशिक्षण गरिएको थियो।

गल्याङ बहुमुखी क्याम्पसका १ सय जना विद्यार्थीहरुको सहभागीता रहेको तालिमलाई जिल्ला न्यायधिस रोमकान्त ज्ञवाली र शाखा अधिकृत रामचन्द्र उपाध्याय, लेखा अधिकृत प्रकाश खनालले प्रशिक्षण दिएका थिए । विद्यार्थीहरुमा लैङ्गिक हिंसाको बारेमा सचेतना जगाउदै जाने हो भने भोलीका दिनमा यस्ता प्रशिक्षणले समाजमा महत्वपुर्ण भुमिका खेल्ने उनीहरुको तर्क छ।

नागरिकले मुलुकी ऐन संहिताको अध्ययन नगर्दा र जानकारी नहुँदा धेरै सामाजिक अपराधका घरेलु हिंसा घट्न थालेकाले यस्ता तालिमको आयोजना गरिएको नयाँ गोरेटो संस्थाका अध्यक्ष मञ्जु भूषालले जानकारी दिएकी थिईन् । तालिमको सहजीकरण संस्थाका सदस्य अनु बस्याल र साधना न्यौपानेले गरेका थिए।

# कांग्रेस नेता भट्टराईलाई निर्वाचित गर्न पूर्व उपप्रधानमन्त्री सिंहको आग्रह

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ चैत

नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले गोविन्द भट्टराई उच्च गदका नेता भएकाले प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुपर्ने बताउनुभएको छ।


तनहुँको बन्दीपुरमा आज आयोजित गठबन्धनको चुनावी सभालाई सम्बोधन गर्दै नेता सिंहले गठबन्धनका उम्मेदवार भट्टराई निर्वाचित हुने विश्वास व्यक्त गर्नुभयो। कांग्रेसका पूर्वसहमहामन्त्री गोविन्दराज जोशीका विषयमा उठेका प्रश्नहरू छिट्टै समाधान गरिने विश्वास व्यक्त गर्दै उहाँले नेता जोशीसँग छलफल भइरहेको जानकारी दिनुभयो।

सिंहले स्वतन्त्रबाट उठेका स्वर्णिम वाग्ले अवसर पाउनजेल कांग्रेसबाट अवसर लिएको र नपाएपछि पार्टी छोडेर हिँडेको टिप्पणी गर्नुभयो। केन्द्रमा गठबन्धनको सरकार भएको र गोविन्द भट्टराई उच्च कदको नेता भएकाले मन्त्री बन्ने सम्भावना बढी रहेको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "विद्यार्थी सङ्घ केन्द्रीय सभापति भएका नेता भट्टराईले आफ्नो कार्यकालमा कुशलतापूर्वक कार्य गरेकाले मन्त्री बन्ने अवसरमा आउने र त्यसको लागि म पनि पहल गर्नेछु।" आफू मन्त्री हुँदा भट्टराईले तनहुँका लागि धेरै शीर्षकमा बजेट माग्न धाएको र अन्य मन्त्रालयमा पनि धाएर बजेट पारेको स्मरण गर्दै स्मरण गर्दै नेता सिंहले पदमा नहुँदा पनि जनताको लागि काम गर्ने नेता भट्टराई भएको बताउनुभयो। जनताको कामलाई कसरी सम्बोधन गर्ने भन्ने भावना भट्टराईमा भएको भन्दै उहाँले सुखदुःख र अप्ठ्यारो बुझ्ने उम्मेदवारलाई निर्वाचित गर्न आग्रह गर्नुभयो। नेकपा (माओवादी केन्द्र)का नेता हरिबहादुर चुमानले गठबन्धनले उपयुक्त उम्मेदवार दिएको बताउनुभयो।

◆ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
◆ यस्ता बस्तुको उपभोग नगरौं/ नगराऔं।
◆ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
◆ कानूनको पूर्णरुपमा पालना गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा
धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।
हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि
नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# दलमा हुर्केको ढाका प्रवृत्ति

राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक सांसद डा. ढाकाकुमार श्रेष्ठको साधारण सदस्य खारेज गर्ने निर्णय गरेको छ । दुई करोड रुपैयाँ बार्गेनिङ गरेको अडियो बाहिरिएसँगै पार्टीको बुधबार बसेको केन्द्रीय समिति बैठकले उनको साधारण सदस्यता खारेज गर्ने निर्णय गरेको छ। पोखरा महानगरपालिका वडा नं २४ कास्कीकोटका ढाका कुमार श्रेष्ठ कृषि सहकारीको करोड रकम हिनामिना गरेको आरोप लागेको थियो । छोटो समयमै राजनीतिमा फड्को मारेका श्रेष्ठले राजनीति कमाउनका लागि हो भन्ने गलत मान्यतालाई राष्ट्रिय स्वतन्त्र पार्टीले तोड्न खोजेको छ । पुराना र स्थापित पार्टीको विकल्पको रुपमा उदाएको पार्टीमा यस्तो प्रबृत्ति देखिनु विडम्बना हो ।

राजनीतिक मुल्य मान्यता र आचरण राम्रो नभएकालाई "पार्टीलाई सहयोग गरेको समानुपातिकमा परेको "भन्ने जनवोलीलाई यस्तै काम हो कि भन्ने पारेको छ । राजनीतिक पार्टीमा लाग्ने वित्तिक्कै मन्त्री हुन खोज्ने र त्यसका लागि जस्तोसुकै हर्कत गर्नेलाई पार्टीले कठोर निर्णय लिनुपर्छ ।राष्ट्रिय स्वतन्त्र पार्टीले समयमै निर्णय लिएको छ। पार्टी सभापति रवि लामिछानेले पार्टीको केन्द्रीय अनुशासन समितिले गरेको छानबिनपछि बुझाएको सिफारिस अनुसार पार्टी विधानको धारा ५६ (४) बमोजिम ढाकाकुमारको सदस्यता खारेज गर्ने निर्णय गरेको जानकारी दिए ।

पार्टीले उनको सांसद पद पनि खारेज गर्दै कानुन बमोजिम निर्वाचन आयोगमा बुझाएको सूची अनुसार विन्दवासिनी कंशाकारलाई समानुपातिक सांसद पदमा निर्वाचित गर्ने प्रक्रिया अघि बढाउने पनि पार्टीले निर्णय गरेको सभापति लामिछानले जानकारी दिएका छन । रास्वपाले विन्दवासिनी कंशाकारलाई समानुपातिक सांसद पदमा निर्वाचित गर्ने निर्णय गरेको छ। रास्वपाले श्रेष्ठलाई पार्टी र सांसद पदबाट निष्कासित गरी कंशाकारलाई समानुपातिक सांसदमा निर्वाचित गर्ने निर्णय गरेको छ। श्रेष्ठको सांसद पद खारेज गर्दै कानुन बमोजिम निर्वाचन आयोगमा बुझाएको सूची अनुसार कंशाकारलाई समानुपातिक सांसद पदमा निर्वाचित गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरेको सभापति लामिछानले जानकारी दिए । मकवानपुरकी कंसाकार एसिड आक्रमणकी पीडित हुन् । उनीमाथि २०७० वैशाखमा एक भारतीय नागरिकले एसिड आक्रमण गरेका थिए ।

कंसाकार केही अघि राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सदस्यमा मनोनीत भएकी हुन । श्रेष्ठले व्यवसायी दुर्गा प्रसाईँसँग कुराकानी गरेको निष्कर्षमा पार्टी पुगेको छ । पार्टीले व्यवसायी प्रसाईँसँग श्रेष्ठले फोनमा कुराकानी गरेर दुई करोड रुपैयाँ मागेको निष्कर्ष निकालेको हो । केही दिन अघि श्रेष्ठले मन्त्री बन्नको लागि पार्टीलाई बुझाउन भन्दै व्यवसायी प्रसाईँसँग दुई करोड रुपैयाँ मागेको अडियो बाहिरिएको थियो।आफ्नो दुनो सोझ्याउन जे पनि गर्ने र कार्वाहीबाट जोगिन नेतृत्वलाई देखाएर वार्गेनिङ गर्ने प्रबृत्ति नयाँ पुराना सबै पार्टीमा छिरेको छाढाकाकुमार प्रतिनिधि पात्र हुन।यस्ता प्रबृत्ति विरुद्ध सबै पार्टीका पुराना, इमानदार र अनुशासित कार्यकर्ताले खबरदारी गरिरहनुपर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कालिका लघुवित्तको वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

कास्की जिल्लाको पोखरामा केन्द्रीय कार्यालय रहेको राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको कालिका लघुवित्त वित्तीय संस्था लि.को १३ औं वार्षिक साधारण सभा बुधबार पोखरामा सम्पन्न भएको छ ।

संस्थाको संचालक समिति अध्यक्ष चन्द्र बहादुर क्षेत्रीको अध्यक्षतामा सम्पन्न सभाले अध्यक्षद्धारा प्रस्तुत आ.व.०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदन तथा विभिन्न प्रस्तावहरु सहित आ.व.०७८/०७९ को १ प्रतिशत नगद लाभांश र १९ प्रतिशत बोनस शेयर पारित गर्दै १३ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । यस पश्चात संस्थाको हालको चुक्ता पूँजी बृद्धि भई ३७ करोड २३ लाख २१ हजार ७ सय ४० पुगेको छ । उक्त साधारणसभामा संस्थाको संचालक समितिमा रिक्त रहेको संस्थापक समूहको संचालकमा स्याङ्जा वालिङ्ग निवासी संस्थापक शेयर सदस्य नित्यानन्द तिवारी निर्विरोध निर्वाचित भएको संस्थाका सिइओ केशब प्रधानले जानकारी दिए । साधारणसभाको संचालन वित्तीय संस्थाका कम्पनी सचिव तथा नायव प्रमुख कार्यकारी अधिकृत फणिन्द्र पाण्डेले गरेका थिए ।

# गोरखा–जितगढी पदयात्रा सुरु

पोखरापत्र संवाददाता
काठमाडौं, २९ चैत

नेपाली सेनाले नेपालको सैनिक इतिहासको जगेर्ना गर्ने उद्देश्यका साथ आजदेखि गोरखा–जितगढी पदयात्रा सुरु गरेको छ ।

मुलुकका ऐतिहासिक महत्व बोकेका गढी, किल्ला, युद्धस्थल, पदमार्गलगायतका धरोहरको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्न यस्ता पदयात्रा र कार्यक्रमले ठूलो योगदान पुऱ्याउने विश्वास लिइएको छ । पश्चिम पृतनापति उपरथी दीपककुमार बाँनियाले शुभारम्भ गर्नुभएको पदयात्रामा नेपालको राष्ट्रिय झण्डा, नेपाली सेनामा सबैभन्दा पहिले खडा भएका पाँच वटा गण तथा गुल्मका झण्डा समेटिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सेनाका सबैभन्दा पहिलो खडा भएका गण तथा गुल्ममा श्रीनाथ, कालीबक्स, पुरानो गोरख, बर्दवाणी र सबुज गण हुन् । पदयात्रामा जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्मको झण्डासहित गोरखा जिल्लामा तैनाथ रिपुमर्दन गणबाट ऐतिहासिक पोसाक तथा परम्परागत बाजागाजा सहितको टोली सहभागी छन् । पदयात्रामा गोरखाबाट सहभागी फौजले तनहुँमा तैनाथ फौजलाई सतीघाटमा, तनहुँमा तैनाथ फौजले पाल्पामा तैनाथ फौजलाई केलादीघाटमा र पाल्पामा तैनाथ फौजले रुपन्देहीमा तैनाथ फौजलाई नुवाकोटगढीमा झण्डा हस्तान्तरण गर्नेछ । पदयात्रा गोरखा दरबारदेखि रुपन्देहीको जितगढीसम्म करिब २०७ किमि को दुरीमा आयोजना हुने सेनाले जनाएको छ। गोरखा नगरपालिका–६ स्थित गोरखा दरबारबाट सुरु भएको पदयात्रा बुटवलस्थित जितगढी पुगेर वैशाख ७ गते समापन हुनेछ ।


## एउटै व्यक्ति भएको सूचना

पर्वत जिल्ला, साविक भंगरा गा.वि.स. वडा नं.–७ हाल फलेवास नगरपालिका वडा नं.–९ निवासी भारतीय सेनाका ५ जि.आर. भू.पु. नं. ५४४२५९८ का ना.सु. डम्बर सिंह गुरुङ्को श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर जुठी गुरुङ भएको र भारतीय सैनिक अभिलेखमा जसमाया गुरुङ्सिनी भएकोले एउटै व्यक्तिको नाम फरक फरक नाम थर भएता पनि उल्लेखित दुवै नाम थर गरेको व्यक्ति एउटै हुन् ।



डम्बर सिंह गुरुङ्    जुठी गुरुङ्

## महत्वपूर्ण कागजात हराएको सूचना

**यही मिति २०७९/१२/२० गते तनहुँबाट पोखरा आउने क्रममा मेरो** Original Degree Certificate Reg No 17LB006 MscMLT in Clinical Biochemistry **को प्रमाण पत्र हराएको हुँदा पाउने महानुभावहरुले निम्न ठेगानामा सम्पूर्क गर्नुहुन् अनुरोध छ ।**
**नामः सुमन अधिकारी**
**ठेगानाः व्यास–५, तनहुँ**
**मोः** 9867086000
**सम्पर्क कार्यालयः** Paschimanchal Diagnostic and Research Centre Pvt. Ltd. Pokhara–10 Ramghat
Ph: 061-588460


# टाईगर ग्रुपले पोखरा स्पोर्ट्स अवार्डलाई सघाउने

पोखरापत्र संवाददाता
बागलुङ, २९ चैत




आगामी बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना हुने सातौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७९' लाई टाईगर ग्रुप अफ पोखरा नेपालले सघाउने भएको छ ।

टाईगर ग्रुपले अवार्ड अन्तरगत वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार प्रायोजन गर्ने सम्झौता भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जानकारी दिए ।

सम्झौता पत्रमा बुधबार टाईगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्मा र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले हस्ताक्षर गरें । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार राशी पैतीस हजार रुपैयाँ रहेको छ । सम्झौता हस्ताक्षर कार्यक्रममा गण्डकी प्रदेशका सासंद प्रकाश बराल, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्व अध्यक्षद्धय केशव पाठक र एकराज गिरी, महासचिव राजाराम पौडेल, सचिव शशीकुमार पौडेल लगायतको उपस्थिती रहेको थियो । टाईगर ग्रुप अफ पोखरा नेपालले नेपालको राष्ट्रिय खेल भलिवललाई प्रवर्द्धन गर्ने उद्धेश्यले टाईगर कप भलिवल प्रतियोगिताको आयोजना गर्दै आएको छ । टाईगर ग्रुपले यसअगाडि समेत स्पोर्ट्स अवार्डमा सहयोग गरेको थियो । सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिनेछ । अवार्ड कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगरपालिका लगायतले सहयोग गर्ने तय भैसकेको छ । यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको महासचिव पौडेलले जानकारी दिए । अवार्ड कार्यक्रमको मिति नजिकिदै गर्दा मञ्चले तयारीलाई तिव्रता दिएको छ । सबैको साथ सहयोग प्राप्त हुने क्रम भइरहेकोले यसपालीको अवार्ड कार्यक्रम भव्य बन्ने मञ्चले विश्वास गरेको छ ।

# मासिँदै मौलिक सम्पदा

पोखरापत्र संवाददाता
बागलुङ, २९ चैत

काठेखोला गाउँपालिका–१ पाल आरकोटमा डेढ दशकअघिसम्म चारवटा पोखरी थिए । पोखरी वरपर वरर पिपलका बोट पनि थिए ।

पोखरीमा गाउँलेले भैँसीलाई पानी खुवाउने र आहाल खेलाउने गर्थे भने चौतारी स्थानीयको थकाइ मार्ने स्थान थियो । अहिले त्यो स्थानमा एउटा मात्रै पोखरी छ । चौतारामा वरपीपल बिरुवा हुर्किंदैछन् । पछिल्लो समय गाउँमा गाईभैँसी पालन कम हुने र जथाभावी रूपमा निर्माण गरिएका सडकले पानीको मूल पुरिने र पोखरीको अस्तित्व नै सङ्कटमा पर्दै गएको छ । वर पीपल संरक्षण गर्न छोडेपछि शीतल प्रदान गर्ने छहारी पनि पाउनै मुस्किल पर्छ । पहिले गाउँका टोल, छिमेक र डाँडामा वर पीपल रोपेर चौतारा निर्माण गरिन्थ्यो भने अहिले हराउँदै गएका सम्पदाको संरक्षण गर्नतर्फ कसैको ध्यान पुगेको छैन । पुराना मौलिक सम्पदाहरू हराउँदै गएपछि बूढापाकाले चिन्ता व्यक्त गरेका छन् ।

धर्म संस्कृतिसँग जोडिएको पोखरी र चौतारा बसाइँसराइ तथा आधुनिकताले ओझेलिएको हो । पहिले-पहिले स्थानीयवासीले पोखरी निर्माण गर्दा र चौतारी बनाउँदा पुण्य कमाइने मान्यता रहे पनि अहिले कसैले पनि यस्ता काम नगर्ने काठेखोला गाउँपालिका–१ का ६० वर्षीय डिलबहादुर परियारले बताउनुभयो । बूढापाकाले काम गर्न नसक्ने र युवा पुस्ताले यस्ता धार्मिक काम गर्नतर्फ चासो नदिँदा पोखरी र चौपारी हराउँदै गएको सुनाउनुभयो । अहिले यहाँको पोखरीमा १०/१२ वटा भैँसीले मात्रै आहाल खेल्ने र पानी पिउने गर्छन् ।

स्थानीयवासीले पोखरीको प्रयोग गर्न छोडेपछि पोखरी सुक्खा जमिनमा परिणत हुँदै गएको स्थानीय ६० वर्षीय भूमिराज खत्रीले बताउनुभयो । उहाँले पहिले गाउँको धेरै ठाउँमा पोखरी संरक्षण गरेर राखे पनि अहिले अधिकांश पोखरी सडकले पुरिएको बताउनुहुन्छ । अहिले गाउँको केही ठाउँमा मात्रै पोखरी संरक्षित रहेको उहाँको भनाइ छ । "उतिबेला अहिलेको जस्तो खानेपानीको सुविस्ता (सुविधा) थिएन, एक गाग्री पानीका लागि घण्टौं धाउने पर्ने अवस्था थियो, पशुलाई बोकेर पानी खुवाउन पनि सकिँदैनथ्यो, त्यही भएर पोखरीमा लगिन्थ्यो," खत्रीले भन्नुभयो, "अहिले सबैका घरघरमा धारा बने खानेपानीको खाँचो छैन, गाईभैँसीलाई घरमै भरेर पानी खुवाउन थाले, त्यसले गर्दा पोखरीको प्रयोग घट्यो र अहिले हराउँदै जान थाले ।" उहाँले पोखरी तथा चौतारीसँग पहिचान जोडिएको बताउनुभयो । मौलिक सम्पदाका रूपमा रहेका पोखरी तथा चौतारी संरक्षणमा स्थानीय सरकारले चासो दिएमा पानीको मुलको संरक्षण हुने र वातावरणलाई हराभरा बनाउन मद्दत पुग्ने खत्रीको भनाइ छ । उहाँले विकाससँगै गाउँमा विनाश पनि हुँदै गएको बताउनुहुन्छ । पछिल्लो समय गाउँमा खानेपानीको मुहान पनि सुक्दै गएको उहाँको भनाइ छ ।

काठेखोला गाउँपालिकाले पालिकामा रहेको परम्परागत पोखरी संरक्षणमा जुटेको प्रवक्ता टीका सङ्गम विकले बताउनुभयो । उहाँले यस वर्ष वडा नं ४ को तङ्ग्राममा रहेका पोखरीहरूको संरक्षण गर्न सुरु गरेको भन्दै आगामी वर्षदेखि सबै वडामा सङ्कटमा रहेका पोखरीहरू पुनर्निर्माण गर्ने बताउनुभयो । गाउँपालिकाले यस वर्ष तङ्ग्रामको तापखोर र परम्दीमा रहेका पोखरी संरक्षणका लागि ३० लाख विनियोजन गरेको छ । प्रवक्ता विकले भन्नुभयो, "पोखरी र चौतारा त गाउँले जनजीवनसँग जोडिएको पहिचान हो, मौलिक सम्पदा संरक्षण गर्ने पालिकाको जिम्मेवारी पनि हो, पोखरीसँगै अन्य महत्वपूर्ण सम्पदालाई पनि प्राथमिकतामा राखेर संरक्षण गर्ने योजना बनाएका छौँ, अहिले ४ नंबाट सुरु भएको छ, आगामी वर्ष धेरै पोखरीहरूको पुनर्निर्माण हुने छन् भने केही नयाँ पोखरी पनि निर्माण गर्नेछौँ ।" विकले सडक निर्माण गर्दा पोखरी, कुवा तथा चौताराहरू जोगाएको बताउनुभयो । धेरै गाउँहरूमा अहिले सडक पुगेको र केही गाउँमा मौलिक सम्पदामा क्षति पुगेको भन्दै अब नयाँ संरचना गर्दा ध्यान दिने उहाँको भनाइ छ । गाउँका विभिन्न स्थानसँगै जङ्गलका केही ठाउँहरूमा पनि पोखरी निर्माण गर्न जरुरी रहेको प्रवक्ता विक बताउनुहुन्छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १५, प्रतिभा मार्गको सिर्जनशील टोल बाटो ढलान निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**
**योजनाको नामः प्रतिभा मार्गको सिर्जनशील टोल बाटो ढलान**
**स्थानः पोखरा–१५, कास्की**
**योजना सुरु भएको मिति : २०७९/१२/०१ गते**
**योजना सम्पन्न हुने मितिः २०७९/१२/२३ गते**
**योजना सम्पन्न भएको मितिः २०७९/१२/२३ गते**
**योजनाको कुल लागत : रु. ७,९६,१२५.८३।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ६,५०,०००।–**
**जन श्रमदानवाट :रु. १,४६,१२५.८३।–**
**उपभोक्ता समिति अध्यक्षः महेन्द्र बहादुर के.सी.**
**सम्पर्क नं.: ९८०२८५१४०६**
**जम्मा सदस्य संख्याः ७    महिला सदस्य संख्याः ३ जना**
**प्राविधिक सहयोगः ई.शोभा शर्मा, स.ई.रविन्द्र ओझा**

**प्रतिभा मार्गको सिर्जनशील टोल बाटो ढलान निर्माण निर्माण उपभोक्ता समिति पोखरा-१५**

# आदर्श सहकारीको भित्तेपात्रो विमोचन

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत



आदर्श बचत तथा ऋण सहकारी संस्था लि.पोखरा १३ आर्वाको वार्षिक (क्यालेण्डर) भित्तेपात्रो विमोचन गरिएको छ।

नयाँ वर्ष २०८० सालको आगमन संगै सहकारी द्वारा प्रकाशित क्यालेण्डर आज सहकारीमा आयोजित एक कार्यक्रमका विच विमोचन गरिएको हो । पोखरा-१३ पाटनवेशीमा रहेको प्रधान कार्यालयमा सहकारीका अध्यक्ष राजेन्द्र प्रसाद बराल लगायत सहकारीका पदाधिकारी, सदस्य तथा बिभिन्न उपसमितिका संयोजकहरुले संयुक्त रुपमा भित्तेपात्रोकोविमोचनगरेकाथिए। सो अवसरमा आईरहेका नयाँ वर्ष २०८०सालको उपलक्ष्यमा शुभकामना आदान प्रदान तथा चियापान समेत गरिएको थियो । कार्यक्रममा सहकारीका अध्यक्ष राजेन्द्र प्रसाद बरालले सहकारीले गरेका गतिविधि तथा आगामी दिनमा सहकारीले गर्ने भावी योजनाका बारेमा जानकारी गराएका थिए।उनले आदर्श सहकारी अहिले सम्म कुनै पनी वहानामा पछाडी नरहेको, शेयर सदस्यहरुलाई कुनै पनी आर्थिक कारोवारमा ढिलासुस्ती नगरिएको, र प्रतिष्पर्धात्मक रुपमा सहकारी अगाडी बढेको जानकारी दिए । समय सापेक्ष हामी अगाडी बढिरहेका छौं भन्दै उनले ढुक्क संग कारोवार गर्न सबै शेयर सदस्यहरुलाई आग्रह गरे । 'हाम्रो सहकारीमा कुनै पनि आर्थिक कारोवारमा समस्या नरहने भन्दै उनले सहकारीको नियम कानुन र यसको मर्मलाई आत्मसात गर्दै अगाडि बढ्न सबैलाई आव्हान गरे । कार्यक्रममा सहभागीहरुले सहकारी र यसका विविध पक्षबारे आआफ्ना धारणा राखेका थिए ।

# वन महासंघ कास्कीको बैठक घले गाउँमा सम्पन्न

पोखरापत्र संवाददाता
गण्डकी, २९ चैत



सामुदायिक वन उपभोक्ता महासंघ कास्कीको बैठक लमजुङ जिल्लाको पर्यटकीय घले गाउँमा सम्पन्न भएको छ।

बैठकले वन पैदावारको सहजरुपमा उपयोग गर्ने खालको निती निर्माण गर्नुका साथै अन्नपूर्ण संरक्षण क्षेत्र (एकयाप) खारेज गरि स्थानीय वासिन्दालाई हस्तान्तरण गर्न सरकारसंग माग गरेको छ । नेपालकै सवैभन्दा ठूलो संरक्षण क्षेत्र एक्यापले गण्डकी प्रदेशको पाँच जिल्लाका १५ पालिकाको क्षेत्र समेटेको छ जसकाकारण स्थानीय प्राकृतिक श्रोतको उपभोगबाट बञ्चित छन भने स्थानीय सहकारले प्राप्त अधिकार उपभोग गरेर आयआर्जन गर्न पाएको छैन।

एक्याप अन्तर्गतको क्षेत्र घले गाउँमा चैतको २७ र २८ गते वसेको बैठकले सामुदायिक वनको काठ कुहिएर खेर जाने र बार्षिक खरवौ रुपैया वरावरको काठ विदेशबाट आयात हुने अवस्थाको अन्त्य हुनु पर्नेमा जोड दिएको हो। नाङ्गा डाँडालाई हरियालीमा परिणत गर्न योगदान गरेका उपभोक्तालाई प्राकृतिक श्रोतमा आधारित उद्यमको विकास गरि हरित रोजगार सिर्जना गर्नुपर्नेमा बैठकले जोड दिएको सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले जानकारी दिनुभयो।

रमणीय पर्यटकीय घले गाउँमा सम्पन्न बैठकले घरवास (होमस्टे) कार्यक्रम सञ्चालन एवम् व्यवस्थापनका बारेमा अनुभव बटुल्न सफल भएको बताउँदै उहाँले भन्नुभयो, घरवासको अवधारणाले आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनले मौलिक संस्कृतिकको संरक्षण गर्दै उत्पादनमा समेत जोड दिएको छ । सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदीले संरक्षण क्षेत्र अधिकार प्रदेश तथा स्थानीय सरकारलाई जिम्मा दिनुपर्ने बताउँदै प्राकृतिक श्रोत हेर्ने मात्र होईन सहजरुपमा उपयोग गर्नेका नीति निर्माण गर्न तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने आवश्यकता औल्याउनुभयो। सरकार र स्थानीय जनताको साझेदारीमा मात्र महत्वपूर्ण जडिवुटीको संरक्षण एवम् उपभोग गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो वन क्षेत्रले लोकतन्त्र आएको अनुभूति गर्न पाएको छैन। कास्की जिल्लाका पाँचवटै स्थानीय पालिकाको अधिवेशन सम्पन्न गरेर क्वोलासोथर गाउँपालिकाको घले गाउँमा वसेको बैठकले २०८० साल बैशाख ३ गते जिल्ला महासंघको दोश्रो अधिवेशन गर्ने निर्णय गरेको सचिव पार्वती सुवेदीले जानकारी दिनुभयो।

उक्त बैठकमा महासंघ केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरिप्रसाद बास्तोला, प्रदेश सचिवालय सदस्य दिनेश श्रेष्ठ, सदस्यव्दय लक्ष्मी अधिकारी र जितबहादुर वस्नेत लगायत जिल्लाका पदाधिकारी तथा सदस्यहरु,न्यायिक र लेखा समिति संयोजक एवम् सदस्य सहित २२ जनाको सहभागिता रहेको थियो। कास्की जिल्लामा ५७० सामुदायिक वन समूह रहेका छन्।

# पोखरा जेसिजको स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत



पोखरा जेसिजले आफ्नो स्थापना दिवस एक कार्यक्रमका बिच सम्पन्न गरेको छ।

कार्यक्रमको प्रमुख अथिति तथा पोखरा जेसिजका पुर्ब अध्यक्ष सिनेटर जेसि नारायण शर्मा ले कार्यक्रमको उदघाटन गर्दै जेसिज सस्थाले युवाहरूको अर्न्तनिहित प्रतिभा प्रस्फुटन गराई समाजमा योग्य तथा संक्षम नागरिक हस्तानतरण गर्छ उहाँले बताउनु भयो । पोखरा जेसिज बर्ष २०२३ का अध्यक्ष गणेश गिरिकोअध्यक्षतामा सम्पन्न कार्यक्रमका विशिष्ट अथिति जेसि सिनेटर तथा पूर्व अध्यक्ष रबिन्द्र गुरूङ, पूर्व अध्यक्ष मिनराज खड्का, पूर्व अध्यक्ष सिनेटर ई किरण केसी, पूर्व अध्यक्ष सिनेटर सुबास सिग्देल, तथा शाखा अध्यक्ष लेखनाथ जेसिज का चन्द्र प्रकास ढुङगाना लगायतले आफ्ना भनाईहरू राख्नु भयको थियो। कार्यक्रममा बिभिन्न कर्पोरेट पाट्नरहरूलाई सम्मान पनि गरिएको थियो।

त्येसैगरि कार्यक्रमको स्वागत मन्यब्य सस्थाका उपाध्यक्ष संजय पैाडेलले गर्नुभएको थियो धन्यबाद कार्यक्रम संयोजक बिजय बरालले गर्नुभएको थियो भने कार्यक्रम संचालक पोखरा जेसिज २०२३ का महासचिब जेसि कमलराज पराजुलीले गर्नुभएको थियो।

# बेलढुङ्गा 'हाइकिङ' लाई उत्कृष्ट

पोखरापत्र संवाददाता
म्याग्दी, २९ चैत

चारैतिर घनाजङ्गल । जङ्गलकोबीच भागमा चेप्टो बेल आकृतिको विशाल चट्टान। चट्टानको शिरसम्म पुग्न ढुङ्गा विछ्याइएको दुई सय ६० मिटर लामो पदमार्ग । उत्तरतर्फ चाँदीभैं टल्कने सेता हिमाल। चैत-वैशाखमा राताम्यै फूलेका लालीगुराँस। नागबेली परेको म्याग्दी नदी जङ्गलको एकान्तमा चिटिक्क परेको स्वर्गाश्रम । धवलागिरि क्षेत्रका दर्जनौं ग्रामीण बस्ती । बेलढुङ्गाको शिरमा चढेपछि आँखैं अगाडि देखिने दृश्य हो यो।

म्याग्दीको बेनी नगरपालिका- ३ भकिम्ली र बागलुङको काँठेखोला गाउँपालिका- ३ ओखलेको शिरमा छ बेलढुङ्गा। समुद्री सतहदेखि दुई हजार ६ सय १४ मिटर उचाइको बेलढुङ्गामा वसन्तऋतुसँगै आन्तरिक पर्यटकको भीड लागेको छ। गतवर्ष सात हजार आन्तरिक पर्यटक बेलढुङ्गामा पुगे। यस वर्ष चैत २६ गतेसम्म १२ हजार बढी आन्तरिक पर्यटक आएका स्थानीय गणेश श्रीषले बताउनुभयो।

पदमार्ग र साइकल लेन बनेपछि हाइकिङलाई बेलढुङ्गा गन्तव्य बनेको स्थानीय रत्न जिसीले बताउनुभयो। टाढाटाढाबाट बास बस्ने गरी आएका पर्यटकका लागि नजिककै ओखले गाउँमा सामुदायिक घरबास (होमस्टे) बनेपछि खाना र बासको समस्या नहुँदा हाइकिङलाई दैनिक सय हाराहारी पर्यटक आउछन्।

बेलढुङ्गाबाट अन्नपूर्ण र धौलागिरिका १२ हिमशृङ्खला, म्याग्दी नदी, कालीगण्डकीसहित म्याग्दी र बागलुङ जिल्लाका खोला तथा झरनाको नागबेली दृश्य, साविकको धौलागिरि अञ्चलका चारवटै जिल्लाका गाउँ, वनजङ्गल, जङ्गली जनावर र पक्षी देख्न सकिन्छ। थै सूर्योदय र सूर्यास्तको रमणीय दृश्य देख्न सकिने बेनी नगरपालिका- ३ का वडाअध्यक्ष पदम पुनले बताउनुभयो। बेलढुङ्गामा पर्यटकीय पूर्वाधार निर्माणका लागि बेनी नगरपालिका-३ र बागलुङको काँठेखोला गाउँपालिका- ३ ओखलेको ४० लाख बढी खर्च भएको वडाअध्यक्ष पुनले जानकारी दिनुभयो। सडक निर्माणका लागि प्रदेश सरकारले लगानी गरेको छ। अहिले गुलजार बनेको बेलढुङ्गा एक दशक अघिसम्म गुमनाम थियो। सडकको म्याग्दी र बागलुङ दुवैतिरबाट पहुँच, पदमार्ग निर्माण, साइकल लेन, होमस्टे, पार्किङलगायतका पूर्वाधार बनेपछि यहाँ अहिले दैनिक पर्यटक बढेका छन् । आन्तरिक पर्यटक बढेपछि पूर्वाधार निर्माणको होडबाजी चलेको छ। हिउँदमा हिउँ खेल्न र गर्मीमा शीतलको खोजी गर्दै यहाँ आउनेहरूले चहलपहल बढाएको छ। यसवर्ष हिउँ परेन। तर सूर्योदय र दृश्यावलोकन गर्नेको कमी भने भएन। सामाजिक सञ्जालमा यहाँका तस्वीर-भिडियो देखेर घुम्न आएको तोराखेतकी सरस्वती सापकोटाले बताउनुभयो । "यो ठाउँ साँच्चिकै स्वर्गजस्तो रहेछ। हिमाल पनि आँखै अगाडि देखिने, डाँडाकाँडा, वनजङ्गल, पशुपक्षी सबै देख्न पाइने। २२ जनाको टिम आएको रमाइलो भयो", उहाँले भन्नुभयो।

बेलढङ्गा प्राकृतिक सौन्दर्या अवलोकनका लागि मात्रै होइन आध्यात्मिक चिन्तनका लागि पनि उपयुक्त स्थान भएको बेलढुङ्गा घुम्न आउनुभएका बेनीका दुर्गाराम सुवेदीले बताउनुभयो। चैत, वैशाखमा राताम्यै फूलेका लालिगुराँसले यहाँ पुग्ने जोसुकैको मनलाई आकर्षित गर्नसक्ने भएकोले यसको प्रचारप्रसारमा अझै जोड दिनुपर्ने धौलागिरि पर्यटन परिषद् म्याग्दीका अध्यक्ष अमर बानियाँले बताउनुभयो । दुईवर्ष अघिसम्म बेलढुङ्गाको फेदमा रहेको बैंसी चौतारीदेखि बेलढुङ्गाको शिरमा पुग्न निकै जोखिम थियो। अक्करे भीरमा बुट्यान र लहरामा झुन्दिदै बेलढङ्गाको फेददेखि शिरसम्म पुग्न निकै दुःख हुन्थ्यो। तर अहिले सुविधायुक्त सिँढी (पदमार्ग) बनेपछि निकै सहजभएको बेलढुङ्गामा हरेक वर्ष पुग्ने गर्नुभएका नेपाल रेडक्रस सोसाइटी म्याग्दीका उपकोषाध्यक्ष शिव बानियाँले बताउनुभयो । म्याग्दीको सीमाना तर्फ स्वर्गाश्रमदेखि बैंसी चौतारीसम्म बेनीनगरपालिका-३ को करिब चार लाख र त्यहाँदेखि बेलढुङ्गासम्म दुवै वडाको दुई/दुईलाखको गरी करिब आठ लाखको लागतमा पदमार्ग निर्माण गरिएको छ । ढुङ्गा विच्छ्याएर आकर्षक तरिकाले निर्माण गरिएको पदमार्ग हुँदै स्वर्गाश्रमबाट करिब एक घण्टाको उकालो छिचोलेपछि बेलढुङ्गा पुग्न सकिन्छ।

# पटक-पटक म्याद थप्दा पनि योजना अधुरै

पोखरापत्र संवाददाता
बेनी, २९ चैत

म्याग्दीमा विकास बजेटको अभावसँगै भित्रिएका योजना कार्यान्वयनमा ढिलासुस्ती हुने गरेका छन्। जिल्लामा भित्रिएका अधिकांश योजना समयमा सम्पन्न नभएपछि पटक-पटक म्याद थप्दा पनि अधुरै छन् । निर्माण व्यवसायीको लापरवाहीले जिल्लामा भित्रिएका गौरवको योजनाका रूपमा सञ्चालित सडक, भवन, पुललगायत ठूला विकास निर्माणका योजना अलपत्र परेका हुन् । निर्माणाधीन योजना कार्यान्वयन हुन नसकेपछि स्थानीय चिन्तित छन्।

जिल्लाको विकासमा ठूलो महत्व राख्ने योजनामध्ये बेनी-जोमसोम, बेनी-दरवाङ, गलेश्वर-भगवती, पोखरेबगर-शिख-चित्रे-घोडेपानी, दरवाङ-धारापानी, बेनी-बागलुङ, बेनी-मालढुङ्गालगायत सडक समयमा सम्पन्न हुन सकेका छैनन् । पटक-पटक समय थपिए पनि निर्माण व्यवसायीले योजनालाई पूर्णता नदिएपछि योजना कार्यान्वयन गर्ने कार्यालय, सम्बन्धित निर्माण व्यवसायी र मन्त्रालयमा ध्यानाकर्षण गराइएको प्रतिनिधिसभा सदस्य खम्वीर गर्बुजाले बताउनुभयो।

हिउँदयाममा समेत निर्माण व्यवसायीले पर्याप्त जनशक्ति र उपकरण परिचालन नगर्दा निर्माण धकेलिएको हो। सङ्घीय र गण्डकी प्रदेश सरकारमार्फत भित्रिएका योजनामध्ये कतिपय कार्यान्वयनको प्रक्रियामा छन् भने कतिपय अधुरै छोडिएका छन् । बेनी अस्पतालको भवन निर्माण पनि अलपत्र छ । 'एक स्थानीय तह एक आधारभूत अस्पताल' योजनाअन्तर्गत मङ्गला र धवलागिरि गाउँपालिकामा निर्माणाधीन भवनमा ढिलासुस्ती भएको छ भने रघुगङ्गामा योजनाको कार्यान्वयन प्रक्रिया नै अघि बढ्न सकेको छैन । 'एक निर्वाचन क्षेत्र एक सडक'अन्तर्गत रघुगङ्गा गाउँपालिकाको गलेश्वर-पिप्ले-भगवती सडक खण्डमा आठ किलोमिटर कालोपत्र गनुपर्नेमा पटक-पटक म्याद थप्दा पनि भौतिक प्रगति ६९ प्रतिशतमात्र रहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/१२/२९

यस कार्यालयमा मिति २०७४/१२/०५ मा कास्की जिल्ला पोखरा २४ मा संचालन गर्ने गरि पोखरा २३ कास्की निवासी होम बहादुर गुरुङको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १३६६५/लघु ६२०/०७४/०७५ को श्रेया एण्ड श्रद्धा खाजा घरको प्रोपराईटरले मिति २०७९/१२/२९ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# पञ्चासेमा सुनाखरी पदयात्रा

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिकास्थित धार्मिक तथा पर्यटकीय गन्तव्य पञ्चासेमा नेपाली नयाँ वर्ष २०८० को पहिलो दिन सुनाखरी पदयात्रा हुने भएको छ।

पञ्चासेको पर्यापर्यटन प्रवर्द्धन, घरवास (होमस्टे)को प्रचारप्रसार एवं सुनाखरीलगायत जैविक विविधता सम्वर्द्धनमा टेवा पुऱ्याउने लक्ष्यका साथ पदयात्रा आयोजना गरिएको हो। पञ्चासे क्षेत्रको पाँच हजार सात सय हेक्टर वनजङ्गलमा पाइने एक सय ४७ प्रजातिको सुनाखरीलगायत जैविक विविधताको प्रचारप्रसारसँगै यसको संरक्षणका लागि जनस्तरमा सचेतना अभिवृद्धि एवं सन्देश प्रवाह गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष आइन्दल गुरुङले जानकारी दिनुभयो।

